**Reproductive Health Research POLICY BRIEF**
*Number 5, January 2003*

# गर्भपतन र गर्भपतनसम्बन्धी कानुनबारे मत सर्वेक्षण २०५९
## Public Opinion Poll on Abortion and Abortion Law 2002

"गर्भपतनले कानुनी मान्यता पाएको कुरा थोरैलाई मात्र जानकारी भए तापनि भविष्यमा कानुन बमोजिम गर्भपतन गर्न चाहिमा प्राय: सबैको समर्थन हुने"

नेपालका प्रमुख शहरहरुमा बस्ने वयस्क मानिसहरुमध्ये ५ जनामा १ जना (२२%) लाई मात्र गर्भपतनले कानुनी मान्यता पाएको छ भन्ने जानकारी छ । २०५९ कार्तिकमा कृपाद्वारा गरिएको मत सर्वेक्षणमा २४% पुरुष र १९% महिलाले मात्र नेपालमा गर्भपतन वैध छ भनेका छन् । झण्डै आधा जसो (४९%) पुरुषहरु र एक चौथाई जति (२४%) महिलाहरुले गर्भपतनले कानुनी मान्यता पाएको छैन भन्ने ठानेका छन् । २७% पुरुषहरु र ५७% महिलाहरुलाई यसबारे थाहा छैन (चार्ट १) ।

**चार्ट १: नेपलमा गर्भपतनले कानुनी मान्यता पाएको छ कि छैन ?**




गर्भपतनले मान्यता पाएको छ भन्ने कुरा अन्य शहरका पुरुष (२१%) र महिला (१६%) लाई भन्दा काठमाडौं उपत्यकाका पुरुष (२९%) र महिला (२६%) लाई अलि बढी जानकारी भए पनि उल्लेखनीय अन्तर भने देखिएन ।

राजाबाट लालमोहर बक्स भई गर्भपतनलाई मान्यता दिने ऐन नै आइसकेको कुराबारे भने केवल १३% पुरुष र ९% महिलाहरु (औषत ११% उत्तरदाता) लाई मात्र थाहा भएको पाइयो (चार्ट २)।

**चार्ट २: हालसालै गर्भपतनसम्बन्धी कानुनलाई केही शर्तसहित मान्यता दिएको मुलुकी ऐन ११ औं संशोधन विधेयकमा राजाबाट लालमोहर बक्स भएको कुरा यहाँलाई थाहा छ कि छैन ?**




गर्भपतनले कानुनी मान्यता पाएको वा मुलुकी ऐनमा लालमोहर लागिसकेको जानकारी भएका उत्तरदाताहरुलाई कुन कुन अवस्थामा गर्भपतन गर्न पाईन्छ भनि सोधिएको थियो । सीमित उत्तरदाताहरुलाई मात्र कानुनले गर्भपतन गर्न मान्यता दिएका अवस्थाहरुबारे जानकारी भएको पाइयो ।

गर्भपतनले कानुनी मान्यता पाएको कुरा थाहा नपाए तापनि उक्त कुरा जानकारी दिएपछि, प्राय सबैजसो उत्तरदाताहरु (८७%) ले गर्भपतनलाई कानुनी मान्यता दिनु आवश्यक थियो भनि समर्थन गरेका छन् । यसरी समर्थन गर्नेहरुमा काठमाडौं बाहिरका महिलाहरु सबैभन्दा बढी (९१%) छन् (चार्ट ३) ।

**चार्ट ३: हाम्रो देशमा गर्भपतनलाई कानुनी मान्यता दिनु आवश्यक थियो कि थिएन ?**




Meeting Post Legalization Challenges

यस जनमत सर्वेक्षणसम्बन्धी थप जानकारी चाहिएमा कृपामा सम्पर्क गर्नुहोला ।
**Center for Research on Environment Health and Population Activities (CREHPA)**
Ekantakuna, Jawalakhel, P.O. Box: 9626, Kathmandu, Nepal, Phone: 530344, Fax: 530341
Email: crehpa@crehpa.wlink.com.np, Website: www.crehpa.org.np

कृपा
CREHPA

त्यस्तै प्रायःजसो उत्तरदाताहरु (८४%) अब असुरक्षित गर्भपतनको प्रचलन घट्ने कुरामा आशावादी देखिएका छन् ।

गर्भपतनले कानुनी मान्यता पाएको सन्दर्भमा के के चुनौति वा समस्याहरु आउन सक्लान् भनि सोधिएको प्रश्नमा महिला तथा पुरुष उत्तरदाताहरुले विभिन्न सम्भावित चुनौतिहरु औंल्याएका छन् । महिलाहरु गर्भपतन गर्नेको संख्या बढ्ने ठान्दछन् भने पुरुषहरुले अनैतिक यौन क्रियाकलाप बढ्ने आशंका गरेका छन् । जस्तैः ४१% महिला र २०% पुरुषहरुले गर्भपतन गराउनेको संख्या बढ्न सक्छ भनेका छन् भने १६% महिला र ३१% पुरुषहरुले अनैतिक यौन सम्बन्ध बढ्ने हो कि भनेका छन् । १२ % उत्तरदाताहरुले कुनै समस्या नआउने विश्वास गरेका छन् ।

सबैजसो (८७%) उत्तरदाताले भविष्यमा आफ्नो परिवारमा कसैले कानुन बमोजिम गर्भपतन गर्न चा हेमा उक्त कुरालाई समर्थन गर्ने भनेका छन् । यस सम्बन्धमा महिला र पुरुषहरुको समान धारणा देखिएको छ (चार्ट ४) ।

**चार्ट ४ : भविष्यमा तपाईको परिवारमा कसैले कानुन बमोजिम गर्भपतन गर्न चाहेमा, तपाई उक्त कुरालाई समर्थन गर्नुहुन्छ कि गर्नु हुन्न ?**




## निष्कर्षः

यस मत सर्वेक्षणको नतिजाबाट शहरी क्षेत्रका जनसमुदायमा गर्भपतनसम्बन्धी कानुनबारे अत्यन्तै कम जानकारी रहेको पाइएको छ । तथापि, गर्भपतनलाई कानुनी मान्यता दिएको कुरा प्रति व्यापक जन समर्थन देखिन्छ । कुनै व्यक्तिले गर्भपतन सेवा लिनु पर्ने अवस्थामा त्यसप्रति परिवारका सदस्यहरुको सकारात्मक दृष्टिकोण रहने पनि यस सर्वेक्षणको नतिजाले देखाएको छ । सबैजसो पुरुष र महिलाले अब असुरक्षित गर्भपतन कम हुन्छ भन्ने विश्वास लिएका छन् ।

महिलाहरुलाई अकाल मृत्युबाट बचाउन असुरक्षित गर्भपतनको रोकथाम गर्न अत्यन्त आवश्यक छ । यसका लागि जनचेतना जगाउने कार्यक्रमलाई व्यापक बनाउनु पर्दछ । शहरी क्षेत्रमै पनि गर्भपतनले कानुनी मान्यता पाएको कुरा अत्यन्त कम जानकारी भएकाले गाउँ तथा शहरी सबै क्षेत्रमा नयाँ कानुनबारे प्रशस्त प्रचार प्रसार गर्न आवश्यक देखिन्छ । जनचेतना अभियानको क्रममा कानुनले गर्भपतन गर्न पाउने र नपाउने भनि तोकेका अवस्थाहरुबारे स्पष्ट रुपमा व्याख्या गर्नु आवश्यक छ । हाम्रो देशको जस्तो भौगोलिक विकटता र आम सञ्चारका साधनको कम पहुँच भएको सन्दर्भमा गर्भपतनसम्बन्धी जनचेतना जगाउने काम चुनौतिपूर्ण छ । त्यसैले आम सञ्चारका साधनहरुका साथै स्थानीय तहका र सामुदायिक संस्थाहरु परिचालन गर्नु पर्दछ ।

जनमतको नियमित रुपमा अध्यावधिक गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राखि कृपाले हरेक वर्ष गर्भपतन अधिकारसम्बन्धी जनमत सर्वेक्षण गर्ने सोच राखेको छ । यसले गर्भपतनसम्बन्धी कानुनबारे जनचेतनामा के कस्तो प्रगति भईराखेको छ भन्ने मुल्यांकन गर्न मद्दत पुग्नेछ ।

### सर्वेक्षण विधि

यस सर्वेक्षण कृपाद्वारा २०५९ कार्तिकमा १० वटा प्रमुख शहरी क्षेत्रका १३१४ जना पुरुष र १२९९ जना महिलाहरु गरी जम्मा २६१३ जना १८-६० वर्षका व्यक्तिहरुबीच गरिएको थियो ।

यो सर्वेक्षण काठमाडौं, भक्तपुर, पोखरा, विराटनगर, धरान, जनकपुर, बीरगंज, भैरहवा, नेपालगंज र धनगढीमा गरिएको थियो । यी शहरहरु पचास हजार भन्दा बढी जनसंख्या भएका शहरहरुमध्येबाट छनौट गरिएको थियो । यस सर्वेक्षणमा पूर्व परीक्षण गरि नेपालीमा तयार गरिएको प्रश्नावली प्रयोग गरि १८ देखि ६० वर्षका पुरुष र महिलाहरुसँग व्यक्तिगत अन्तरवार्ता लिइएको थियो । उत्तरदाताहरुको संख्या जनसंख्याको अनुपातमा निर्धारित गरिएको थियो । छानिएका वडाहरुमा भोटर लिष्टबाट प्रारम्भिक महिला र पुरुष उत्तरदाता (principal respondents) को छनौट गरि सोही क्षेत्र (Cluster) बाट पूर्व निर्धारित संख्या अनुसार उत्तरदाताहरु लिइएको थियो ।

